नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# समस्याग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालय

बबरमहल, काठमाडौं

## सूचना ! सूचना !! सूचना !!!

समस्याग्रस्त घोषित सहकारी संस्थाहरूको बचत फिर्ता, ऋण असुली, सम्पत्ति व्यवस्थापन दायित्वको यकिन तथा प्रचलित कानुन बमोजिम दायित्व भुक्तानी सम्बन्धी कार्यहरू समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट नियमित रूपमा सञ्चालन हुँदै आएको बेहोरा सम्बन्धित सबैमा विदितै छ। यसै क्रममा सम्बन्धित सहकारी संस्थाका सदस्य बचतकर्ताहरूबाट प्राप्त अनलाइन मागदाबीको विवरण सङ्कलन, जाँचबुझ तथा मागदावी रुजु गर्ने कार्य समेत नियमित रूपमा भइरहेको छ।

उल्लिखित कार्यहरूलाई थप व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा त्रुटिरहित बनाउनुका साथै अनलाइन मागदावी सम्बन्धी विवरण अद्यावधिक, संशोधन, रुजु र व्यवस्थापनको कार्यलाई सुदृढ तथा समितिको आन्तरिक व्यवस्थापनका कार्यहरु गर्नुपर्ने भएकाले मिति **२०८३।०६।२६ देखि २०८३।०६।३० गते सम्म** अनलाईन मार्फत प्रवाह हुने सेवा बाहेक भौतिक रुपमा उपस्थित भई प्रवाह हुने देहायका सेवाहरु स्थगित गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**स्थगित गरिएका सेवाहरू:-**

१. बचत ऋण मिलान सम्बन्धी सम्पूर्ण सेवा।

२. अनलाइन मागदावी संशोधन सम्बन्धी सम्पूर्ण सेवा।

३. अत्यावश्यक बाहेकका सोधपुछ वा विवरण बुझाउने कार्यहरु।

उल्लिखित अवधिमा स्थगित सेवाबाट सेवाग्राहीमा पर्न जाने असुविधाप्रति समिति क्षमाप्रार्थी छौं।

पुनश्च:-

- अनलाईन मागदावी गर्दा मागदावी प्रणालीमा स्वयम्ले संशोधन गर्न सकिने अन्यथा मोवाइल नम्बर संशोधन गर्नुपरेमा ईमेल (claimamendment.coopmc@gmail.com) मार्फत निवेदन गर्न सकिने छ।
- अनलाइन प्रणालीमार्फत मागदावी सम्बन्धी विवरण मोवाईल नम्बरमा प्राप्त OTP मार्फत मागदावी कर्ता स्वयम्ले संशोधन गर्न सकिने व्यवस्था रहेकाले यस प्रयोजनका लागि सेवाग्राहीहरू कार्यालयमा भौतिक रूपमा उपस्थित हुनु नपर्ने।

मिति २०८३/०६/२६

समस्याग्रस्त सहकारी व्यवस्थापन समिति
बबरमहल, काठमाडौं।